**आकाशवाणी समाचार- नेपाली**

मितिः ०८ अक्टुबर २०२४

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फरेन्समार्फत महाराष्ट्रमा ७ हजार ६ सय करोड रुपियाँ भन्दा अधिक मुल्यको विकास परियोजनाहरूको शिलान्यास गर्नुहुनेछ।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले हरियाणा विधानसभा चुनावमा भारतीय जनता पार्टीले लगातार तेस्रो पटक विजय हासिल गरेकोमा खुसी व्यक्त गर्नुभएको छ l

३. प्रधानमन्त्री नरेन्द्र मोदी १० अक्टोबर देखि लाओसको दुई दिवशीय भ्रमणमा जानुहुनेछ ।

४. भारतीय रिजर्भ बैंकले शैक्षिक संस्थाका संकाय सदस्यहरुका लागि छात्रवृत्ति योजनाको घोषणा गरेको छ।

५. भारतीय पुरुष क्रिकेट टीम र बंगलादेशबीचको दोस्रो टी–ट्वान्टी क्रिकेट सिरिज आज दिल्लीको अरुण जेट्ली अन्तर्राष्ट्रिय रङ्गशालामा हुनेछ।

**<u>प्रधानमंत्री नरेंद्र मोदी- विकास परियोजना- आधारशिला</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फरेन्समार्फत महाराष्ट्रमा ७ हजार ६ सय करोड रुपियाँ भन्दा अधिक मुल्यको विकास परियोजनाहरूको शिलान्यास गर्नुहुनेछ । यी परियोजनाहरूमा नागपुरमा डा बाबासाहेब अम्बेडकर अन्तर्राष्ट्रिय विमानस्थलको प्रगति र शिर्डी विमानस्थलमा नयाँ एकीकृत टर्मिनल भवनको निर्माण समावेश छ। प्रधानमन्त्री श्री मोदीले मुम्बई, नासिक, जालना, अमरावती, गडचिरोली, बुलढाणा, वाशिम, भण्डारा, हिंगोली र अम्बरनाथमा सरकारी मेडिकल कलेजहरूको उद्घाटन गर्नुहुनेछ। श्री मोदीले इन्डियन इन्स्टिच्युट अफ स्किल्स, आईआईएस, मुम्बईको उद्घाटन गर्नुहुनेछ। टाटा एजुकेसन एण्ड डेभलपमेन्ट ट्रष्टसँगको सहकार्यमा सार्वजनिक–निजी साझेदारी मोडेल अन्तर्गत स्थापना भएको यस इन्स्टिच्युटले मेकाट्रोनिक्स, आर्टिफिसियल इन्टेलिजेन्स, डाटा एनालिटिक्स, इन्डस्ट्रियल अटोमेसन र रोबोटिक्स जस्ता अति विशिष्टीकृत क्षेत्रमा प्रशिक्षण दिने योजना बनाएको छ। प्रधानमन्त्री मोदीले मोदी विद्या समीक्षा केन्द्रको पनि उद्घाटन गर्नुहुनेछ।

****** ० ******

**<u>प्रधानमंत्री नरेन्द्र मोदी हरियाणा विजय</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले हरियाणा विधानसभा चुनावमा भारतीय जनता पार्टीले लगातार तेस्रो पटक विजय हासिल गरेकोमा खुसी व्यक्त गर्नुभएको छ l उहाँले भन्नुभएको छ - 'यो विकास र सुशासनको राजनीतिको विजय हो। नयाँ दिल्लीस्थित भाजपा मुख्यालयमा हिज भाजपा कार्यकर्तालाई सम्बोधन गर्नुहुदै श्री मोदीले हरियाणामा भाजपाको विजय पार्टी कार्यकर्ताहरूको अथक प्रयासको परिणाम भएको बताउनु भएको छ। उहाँले भन्नुभएको छ - 'हरियाणाका जनताले इतिहास रचेका छन्। श्री मोदीले जनताको आकांक्षा पूरा गर्न भाजपा सरकारले कुनै कसर बाँकी नराख्ने विश्वास दिलाउनु भएको छ।

****** ० ******

**<u>प्रधानमन्त्री -कश्मिर</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले हरियाणा र जम्मु कश्मिरका जनतालाई धन्यवाद दिनुभएको छ। प्रधानमन्त्री श्री मोदीले जम्मु–कश्मीरमा धारा ३७० र ३५ (ए) हटाएपछि पहिलो पटक चुनाव भएको र ठूलो संख्यामा मतदान भएको बताउनुहुदै यसले लोकतन्त्रप्रति जनताको विश्वास झल्काउँछ भनी बताउनु भएको छ l

****** ० ******

**<u>जेपी नड्डा-</u>** हरियाणा

भारतीय जनता पार्टीका अध्यक्ष श्री नड्डाले आफ्नो सम्बोधनमा भाजपाले हरियाणामा लगातार तेस्रो पटक विजय हासिल गरेको तथा जम्मु–कश्मीरमा भाजपाको मत प्रतिशत बढेको बताउनुभएको छ। उहाले भन्नुभएको छ - 'जनताले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वप्रति विश्वास व्यक्त गरिरहेका छन्।

****** ० ******

**प्रधानमंत्री नरेंद्र मोदी लाओस यात्रा**

प्रधानमन्त्री नरेन्द्र मोदी १० अक्टोबर देखि लाओसको दुई दिवशीय भ्रमणमा जानुहुनेछ । भ्रमण अवधि श्री मोदीले २१ औं आसियान–भारत शिखर सम्मेलन र १९ औं पूर्वी एसिया शिखर सम्मेलनमा भाग लिनुहुनेछ। आसियानको वर्तमान अध्यक्ष लाओस हुनेछ। शिखर सम्मेलनको क्रममा प्रधानमन्त्रीले द्विपक्षीय बैठक पनि गर्ने अपेक्षा गरिएको छ।

****** ० ******

**राष्ट्रपति द्रौपदी मुर्मु- फिल्म पुरस्कार**

राष्ट्रपति द्रौपदी मुर्मुले आज नया दिल्लीमा वर्ष 2022 को लागी राष्ट्रीय फिल्म पुरस्कार प्रदान गर्नुभयो। यस अवसरमा सूचना एवं प्रसारण मंत्री अश्विनी वैष्णव , राज्य मंत्री एल मुरुगन पनि उपस्थित हुनुहुन्थ्यो I यस अवसरमा सिनेमा क्षेत्रको सर्वोच्च पुरस्कार दादासाहेब फाल्के पुरस्कारद्वारा मिथुन चक्रवर्तीलाई सम्मानित गरियो I राष्ट्रपति द्रौपदी मुर्मुले फिल्महरु जुनै भए पनि ती सबै मा भारतीय झलक पाउने बताउनुभएको छ I सूचना एवं प्रसारण सचिव संजय जाजू ले -वर्ष 2022 को लागी मंत्रालयले फीचर फिल्म श्रेणीमा 32 भाषाहरुमा कुल 309 फिल्महरु र गैर-फीचर श्रेणी मा 17 भाषाहरुमा 128 फिल्महरुको प्रविष्टिहरु प्राप्त भएको बताउनु भएको छ । उहाँले अझ भन्नुभयो - मन्त्रालय विभिन्न पहलहरू मार्फत भारतीय सिनेमालाई सहयोग गर्न प्रतिबद्ध छ।

****** ० ******

**भारतीय रिज़र्व बैंक छात्रवृत्ति योजना**

भारतीय रिजर्भ बैंकले शैक्षिक संस्थाका संकाय सदस्यहरुका लागि छात्रवृत्ति योजना को घोषणा गरेको छ। भारतको कुनै पनि यूजीसी वा ए.आई.सी.टी.ई-मान्यता प्राप्त विश्वविद्यालय वा कलेजमा अर्थशास्त्र वा वित्तीय अध्यापन गर्ने पूर्णकालिक संकाय सदस्यहरू मौद्रिक र वित्तीय अर्थशास्त्र, बैंकिंग, वास्तविक क्षेत्र मुद्दाहरू र रुचिका अन्य विषयहरूमा अल्पकालिक शोधको लागि आवेदन दिन योग्य छन्। यस योजनाको उद्देश्य संकाय र विद्यार्थीहरू बीच आरबीआईको गतिविधिहरूको बारेमा जागरूकता बढाउनुका साथै बैंक भित्रका विभिन्न परिचालन क्षेत्रहरूको बारेमा जानकारी प्रदान गर्नु रहेको छ।आवेदन जमा गर्ने अंतिम तारिख 5 नोभेम्बर रहेको छ। इच्छुक उम्मीदवारहरुले आवेदन पत्र र अधिक विवरण आरबीआईको आधिकारिक वेबसाइटमा प्राप्त गर्ने सक्नेछ I

****** ० ******

**वित्तमन्त्री निर्मला सीतारमण**

वित्तमन्त्री निर्मला सीतारमणले बैंकहरुको स्वास्थ्यले समग्र अर्थव्यवस्था र घरपरिवारको वित्तीय स्थायित्वमा प्रत्यक्ष प्रभाव पार्ने बताउनु भएको छ । मुम्बईमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्नुहुदै केन्द्रीय मन्त्रीले बैंकहरूले जोखिम कम गर्दै नाफा कमाउनका लागि ऋण दिने विवेकको अभ्यास गर्नुपर्ने बताउनु भएको छ । उहाँले सम्पत्तिको गुणस्तरमा तनाव निम्त्याउन सक्ने र नाफा र आर्थिक वृद्धिमा बाधा पुर्याउन सक्ने कम ऋण दिने दुवैविरुद्ध सचेत गराउनु भएको छ । बित्तमंत्रीले बैंकहरुलाई अत्याधुनिक प्रविधि अपनाउन र साइबर सेक्युरिटी प्रोफेसनलहरुमा लगानी गर्न आग्रह गर्नुभएको छ , जो साइबर खतराबाट बच्नका लागि आवश्यक छन्।

****** ० ******

**विश्व स्वास्थ्य संगठन- -ट्रेकोमा**

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले यस वर्ष भारतले सार्वजनिक स्वास्थ्य समस्याको रूपमा ट्रेकोमा उन्मूलन गर्न सफल भएको घोषणा गरेको छ। योसँगै भारत यो उपलब्धि हासिल गर्ने दक्षिण पूर्वी एसिया क्षेत्रको तेस्रो देश बनेको छ। डब्लु.एच.ओले नयाँ दिल्लीमा भएको क्षेत्रीय समितिको बैठकमा भारतको यो उपलब्धिलाई आधिकारिक रुपमा प्रमाणित गरेको छ । ट्रेकोमा एक ब्याक्टेरियाजन्य संक्रामक रोग हो जसले आँखालाई असर गर्दछ र संक्रमित व्यक्तिको आँखा, पलक, नाक वा घाँटीको स्रावको

माध्यमबाट फैलिन्छ। सन् १९५०-६० को दशकमा यो रोग भारतमा अन्धोपनको एक प्रमुख कारण थियो। सरकारले सन् १९६३ मा राष्ट्रिय ट्रेकोमा नियन्त्रण कार्यक्रम शुरु गरेको थियो।

****** ० ******

**केंद्रीय सड़क परिवहन 'हमसफर नीति'**

केन्द्रीय सडक परिवहन तथा राजमार्ग मन्त्री नितिन गडकरीले नयाँ दिल्लीमा 'हमसफर नीति' को शुभारम्भ गर्नुभएको छ l जसले यात्राको सहजता बढाउन र राष्ट्रिय राजमार्गहरूमा सडक किनारमा सुविधाहरूको विकासलाई गति दिनेछ। कार्यक्रमलाई सम्बोधन गर्नुहुदै श्री गडकरीले भन्नुभएको छ - यो योजनाले समाजका स्थानीय सीमान्त वर्गहरूलाई लाभान्वित पुग्नेछ। उहाँले यो योजनाले सहज, सुरक्षित र सुखद यात्रालाई सहज बनाउने बताउनु भएको छ । श्री गडकरीले यो नीति पर्यावरण मैत्री हुनेछ जसलाई पारिस्थितिकी र स्वच्छताको सन्दर्भमा डिजाइन गरिएको बताउनुभएको छ। 'हाइवे यात्रा' एपमार्फत यात्रुले तुरुन्तै आफ्नो स्थान नजिकको सेवा प्रदायकको विवरण प्राप्त गर्न सक्नेछन्।

****** ० ******

**नियंत्रक र महालेखापरीक्षक (सीएजी)**

महालेखा परीक्षक (सीएजी)ले हिज नयाँ दिल्लीमा प्रथम राज्य वित्त सचिव सम्मेलनको आयोजना गर्यो lसम्मेलनको उद्देश्य क्याग सरोकारीहरूसम्म पुग्नु र पारदर्शी तथा जवाफदेही वित्तीय रिपोर्टिङ सुनिश्चित गर्नु रहेको छ। महालेखा नियन्त्रक गिरिशचन्द्र मुर्मूले सबै प्रदेश र केन्द्र सरकारका लागि वस्तुगत शीर्षकका विभिन्न स्तरमा हुने व्ययको समायोजन हुनुपर्नेमा जोड दिनुभएको छ।

****** ० ******

**पूर्वी नौसेना मालाबार अभ्यास**

पूर्वी नौसेना कमानको मुख्यालय विशाखापट्टनममा मालाबार अभ्यास 2024 हिज देखि शुरु भएको छ l यस बार्षिक अभ्यासमा अस्ट्रेलिया, जापान र संयुक्त राज्य अमेरिकाका नौसेनाहरू सामेल छन l

****** ० ******

**केंद्रीय मत्स्य पालन, पशुपालन, राज्य मंत्री जॉर्ज कुरियन**

केन्द्रीय मत्स्यपालन, पशुपालन, डेरी र अल्पसंख्यक मामिला राज्यमन्त्री जर्ज कुरियनले नयाँ युगको झिंगा उत्पादन प्रणालीको लगातार आठौं फसलको उपलक्ष्यमा चेन्नई नजिकै सी.आई.बी.ए.को मुट्टुकाडु एक्सपेरिमेन्टल स्टेसनमा आयोजित एक कार्यक्रममा भाग लिनुभयो lयस अवसरमा उहाँले तेस्रो झिंगे फसल बाली बीमा योजनाको शुभारम्भ गर्नुभयो।

****** ० ******